# भजनसंग्रहको पुस्तकमा: भाग २



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *भजनसंग्रह ४६; यर्मिया ४:२३-२६; भजनसंग्रह ४७:१-४; १ थेसलोनिकी ४:१३-१७; भजनसंग्रह ७५ र प्रकाश १४:६-१२।*

**याद गर्नुपर्ने पद: "हे परमेश्वर, मानिसहरूले तपाईंको प्रशंसा गरून्, सबै मानिसहरूले तपाईंको प्रशंसा गरून्। जाति-जातिहरू प्रसन्न होऊन् र आनन्दले गीत गाऊन्, किनकि तपाईंले मानिसहरूमाथि न्यायपूर्वक शासन गर्नुहुन्छ, अनि पृथ्वीका जातिहरूलाई मार्गदर्शन गर्नुहुन्छ"** *(भजनसंग्रह ६७:३-४)*।

हामी एड्भेन्टिस्टहरू अन्तिम युगका घटनाहरूका चर्चा गर्दा हामीले पशुहरू र प्रकाशको पुस्तकमा रहेका विभिन्न शक्तिहरूलाई केन्द्रबिन्दु गर्न रुचाउँछौं। हो, तिनीहरूका भूमिका ठूलो र महत्त्वपूर्ण छ। नभए ती विवरणहरू बाइबलमा राखिनेथिएनन्। तिनीहरूको बारेमा हामीमा ज्ञान होस् भन्ने परमेश्वरकै चाहना हो *(प्रकाश १:३)*।

विभिन्न मुख्य विषयवस्तुहरूसँग भविष्यवाणी गाँसिएको छ। ती विषयवस्तुमा पाप, दुःख, न्याय, असल र खराबको बिचमा सङ्ग्राम, न्याय र अन्यायको स्वभाव, सतावट र अरू बढी पर्दछन्।

ती विषयवस्तुहरूमा भजनसंग्रहले पनि अत्यन्तै गहिरो रूपमा हामीलाई सिकाउन खोज्छ। मानव जीवनमा भएका प्रायः सबै भावहरूलाई यस पुस्तकले प्रकट गरेको छ। तिनीहरूमा मानिसले भोग्ने वा भोगिरहेको अन्धकार, निराश, उदास र वेदनाका चित्कारदेखि रोक्नै नसकिने आनन्दका बुलन्द आवाजहरू उचालिरहेको हामी त्यस पुस्तकमा पढ्न सक्छौं। इस्राएलीहरू नै अन्धकारका शक्तिहरूको विरुद्धमा युद्ध गर्न तयारी हुनुपरेको हामी देख्छौं। पाप, खराब तत्त्व, शैतान, उसका पतित स्वर्गदूतहरू र मतियारहरूको बारेमा परमेश्वरले सिधै र तुरुन्तै किन सम्बोधन गर्नुहुन्न भन्ने बाइबलका कतिपय हस्तिहरूले कुस्ती खेलिरहेको हामी पाउँछौं। ती प्रश्नहरूलाई हामीले पनि सम्बोधन गरिरहेका हुन्छौं। हामीमा भएका प्रश्नहरूका जवाफको निम्ति हामीलाई पवित्र स्थानतिर नजर राख्न उत्साह दिएको छ। त्यही भजनसंग्रहको पुस्तकमा परमेश्वर सृष्टिकर्ता हुनुभएको मर्यादातिर ध्यान दिन हामीलाई आह्वान गरिएको छ। बाइबलका पात्रहरू मात्र होइन, के हामी पनि कतिपय विषयवस्तुहरूमा कुस्ती खेलिरहेका छौं, छैनौं र?

ती अति महत्त्वपूर्ण सत्यता वा प्रश्नहरूको बारेमा अझ बढी जानकारी पाउन हामीले भजनसंग्रहको पुस्तकलाई उघारेर अध्ययन गर्दै जानेछौं।

# कष्टको समयमा सहयोग गर्न परमेश्वर जहिले पनि उपस्थिति हुनुहुन्छ

पढ्नुहोस्: **भजनसंग्रह ४६ पढ्नुहोस्। भजनसंग्रहका लेखकमा मात्रै नभई हाम्रै जीवनमा पनि हामी अनेकौँ आँधीबेहरी र अशान्तिका सामना गरिरहेका छौं। फेरि अन्तिम दिनमा महान् द्वन्द्वको चपेटामा हामी पनि पर्नेछौं भनी हामीलाई थाहा छ। तर यस भजनबाट हामी के आशाको सन्देश पाउँछौं?**

---

---

हिब्रूको पुस्तकमा पाइने विषयवस्तु भजनसंग्रह ४६मा पनि केही हदमा देखा परेको हामी देख्छौं: *त्यो अझ उत्तम थोक*। यस संसारका महापूजारी*भन्दा* येशू *उत्तम* महापूजारी हुनुहन्छ। मन्दिरमा गरिने सबै पशु बलिहरू*भन्दा* उहाँको बलि *उत्तम* छ, पृथ्वीमा प्रतिकको रूपमा रहेको पवित्र मन्दिर*भन्दा* स्वर्गमा रहेको पवित्र मन्दिर *उत्तम* छ।

तर भजनसंग्रहले फरक तरिका अपनाएको पाइन्छ। लेखकले असल थोक लिएर उत्तम थोकसँग तुलना गरेका छैनन्। तर विद्रोही संसार र त्यसले ल्याएका भयानक नतिजाहरूको विपरित हाम्रो निम्ति उत्तम थोकहरू परमेश्वरले बन्दोबस्त गरिरहनुभएको छ भन्ने उहाँको प्रतिज्ञा लेखकले प्रस्तुत गर्दछ।

हामी युद्धभूमिमा परे तापनि, अनेकौँ दुःख-कष्टको भुमरीमा परे तापनि, सामाजिक, राजनैतिक, आर्थिक र व्यक्तिगत उथलपुथलमा हामी परे तापनि वा सामना गर्नुपरे तापनि आशा र प्रतिज्ञाका वचनहरूले भजनसंग्रह भरिएको छ। अन्तमा आएर हामी यस अडानमा स्थिर रहनैपर्छ, "शान्त रहो, तिमीले यो थाहा पाउनु कि म नै परमेश्वर हुँ" *(भजनसंग्रह ४६:१०)*। एक दिन संसारमा आइरहेका राजनैतिक, सामाजिक, भौगोलिक आँधीबेहरीहरू अन्तमा अन्त्य हुनेछन्, र परमेश्वरलाई सारा पृथ्वीमा उचालिनेछ वा उहाँको नाउँ सर्वोच्च स्थानमा राखिनेछ *(भजनसंग्रह ४६:१०)*।

यहाँ के लेखिएको छ सो याद गर्नुहोस्। "हामी डराउनेछैनौं, चाहे पृथ्वी उथलपुथल होस् वा भूकम्पले हल्लियोस् वा पर्वतहरू समुद्रको गर्भमा खसून्, चाहे समुद्र गर्जोस् र फीँज काढ़ोस्, र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून्" *(भजनसंग्रह ४६:२-३)*।

दोस्रो आगमनमा हुने दृश्यहरू मानव कल्पनाभन्दा बाहिरको छः "आकाशचाहिँ चर्मपत्रको मुट्ठो बेह्निएझैँ लोप भयो, र हरेक टापू र पहाड तिनीहरूका आफ्ना-आफ्ना ठाउँबाट हटेर गए" *(प्रकाश ६:१४)*। अनि यो पनि "तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्" *(२ पत्रुस ३:१२)*। हाम्रो यो वर्तमान संसार जहाँ दुष्ट, आतङ्ककारी, एकले अर्कोलाई दमन गर्ने, एक राष्ट्रले अर्को राष्ट्रलाई आक्रमण गर्ने, र आणविक युद्धका निम्ति तयार हुने महाशक्ति राष्ट्रहरूको बादल सदाको निम्ति रहनेछैन। परमेश्वरले हाम्रो निम्ति के तयार गरिरहनुभएको छ, त्यसको कल्पना गर्न पनि कुनै बुद्धिजीविका दिमागमा पर्याप्त सोच्ने क्षमता पनि छैन। अहिले हाम्रो जीवनलाई थामिरहनुपर्छ, विश्वास वा आस्थाप्रति प्रयत्नशील हुँदै अगाडि बढिराख्नुपर्छ र हामीमा भएका परमेश्वरका ज्ञानहरूलाई पक्रिराख्नुपर्छ। येशूको क्रूसमा झुण्डिरहनुपर्छ।

**संसारमा जतिसुकै खराब तत्त्वहरू छन्, खराब तत्त्वहरूका बिगबिगी छन् र अझ झन् खराब हुनेछन्। परमेश्वरको स्वभाव, चरित्र, शक्ति र भलाइको बारेमा हामीमा ज्ञान भएको अनुसार हामी कस्तो आशावादी भएर बाँचिरहनुपर्छ? क्रूसको बारेमा सोच्नुहोस् त?**

# अशान्ति र गन्जागोल संसारका परिस्थितिहरूका बिचमा आशा

भजनसंग्रहमा व्यक्त गरेका धेरै जसो भाषाहरू प्रतीक, सङ्केत वा चिन्हको रूपमा व्यक्त गरिएका छन्। तर आखिरमा आएर यस पृथ्वी ग्रहको पुनर्स्थापना गर्ने मामिलाको वर्णन गर्दा त्यो वर्णन प्रतीक, चिन्ह वा सङ्केत *नभएर* वास्तविक नै हो भनेर हामीले बुझ्नुपर्छ। जब येशू फर्किनुहुन्छ यो भौगोलिक पृथ्वीको उथलपुथल हुनेछ भनेर हामीलाई भजनसंग्रह ४६ले सिकाउँछ। उहाँको पुनर्आगमनले यस पृथ्वीलाई अत्यन्तै प्रभाव पार्नेछ। तर चट्टान, समुद्र र पहाडहरूलाई मात्र असर पर्नेछैन। पृथ्वीको इतिहासको अन्तिम पराकाष्ठा नै विश्वका सारा साम्राज्यहरू चक्नाचुर गर्ने योजना हो भनेर बाइबलमा कोरिएको छ। मानवीय सरकार वा राज्य शक्तिले राजनैतिक, सामाजिक, आर्थिक र जातिय प्रणालीलाई दयनीय र तहसनहस गरिरहेका छन्। राज्य र धर्मको नाउँमा हजारौँ वर्षसम्म मानिसहरूलाई कष्ट र दुःख दिइरहेका छन्। त्यो सदाको निम्ति अन्त हुनेछ।

पढ्नुहोस्: **यर्मिया ४:२३-२६ पढ्नुहोस्। यस संसारको भविष्यको बारेमा यहाँ के उल्लेख गरिएको छ? नयाँ स्वर्ग र नयाँ पृथ्वीको पुनः संरचना नहुञ्जेल** *(प्रकाश २१:१)* **यो पृथ्वीको भविष्य नै अन्धकार छ भन्ने धारणामा हामी छौं।**

________________________________________

________________________________________

यस पृथ्वी वा संसारको गति के हुनेछ भनेर बाइबलले हामीलाई भविष्यवाणीद्वारा देखाउँछ। दानिएलले देखेका दिव्यदर्शन दानिएल ७मा लेखिएको छ। त्यहाँ हुरीबतास चलिरहेको समुद्रबाट विश्वका राष्ट्रहरूका उदय हुनेछन् भनेर लेखिएको छ। सारा पृथ्वीमा कलह, विवाद र अशान्तिका हावाहरू फैलिनेछन् र पृथ्वी युद्धको आवाजले घन्किनेछ। एउटा सांसारिक राष्ट्र ढलेर अर्को राष्ट्रको उदय हुनेछ। तर तिनीहरूमा कुनै पनि राष्ट्र हुनेछैन जसले मानवीय समस्या र पीडाका समस्याहरूलाई समाधान गर्न सक्छ। संसारका राष्ट्रका शासक वा अगुवाहरूले गर्ने सबै व्यवस्था वा कामहरू स्वार्थ र पापले नै भरिरहेका हुन्छन्।

दानिएलले दिव्यदर्शनमा देखेका कुनै पनि राष्ट्र वा देश परमेश्वरका जनहरूका निम्ति सुरक्षित घर भनेर दाबी गर्न सक्दैनौं। हुन त एक राष्ट्रभन्दा अर्को राष्ट्र असल नभएको त होइन। तर हाम्रो नागरिकता स्वर्गमा छ भनेर हामीलाई थाहा छ *(फिलिप्पी ३:२०)*। यस पृथ्वीका डामाडोल, अराजकता, आततायी अवस्था र अशान्तिका माथि स्वर्गको उच्च स्थानमा सिंहासन छ जसलाई कसैले पनि हल्लाउन सक्दैन *(इजकिएल १:२६)*। आफ्नो दोस्रो आगमनभन्दा पहिले संसारमा अराजकता, अव्यवस्था र डामाडोल हुनेछ भनेर येशूले हामीलाई सिकाउनुभएको छ *(मत्ती २४)*। तर हाम्रो पृथ्वी ग्रहको जुनसुकै अवस्था भए तापनि हामी विश्वासमा अडिग भएर बस्न सक्छौं किनभने हामीलाई थाहा छ कि यस पृथ्वी परमेश्वरको नियन्त्रणभन्दा बाहिर छैन। उहाँले उहाँका प्रतिज्ञाहरू पूरा गर्नुहुनेछ भनेर हामीलाई वचन दिनुभएको छ: "जाति-जातिहरूमा कोलाहल छ, राज्यहरू पतन हुन्छन्, उहाँले आफ्नो सोर उचाल्नुहुन्छ, पृथ्वी पग्लन्छ। सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ" *(भजनसंग्रह ४६:६-१०)*। यस संसारको छोटो समय बिती जानेछ। येशूलाई धन्यवाद छ कि सबै थोक उहाँको हातमा छ।

**यस संसारमा डामाडोल भइरहेको छ, जताततै त्राहि त्राहिका आवाजहरू सुनिरहेका छन्। निरङ्कुश शासकहरूले हजारौँ मानिसहरूलाई अहिले पनि मारिरहेका छन्। यो संसार त अनियन्त्रित भइरहेको देखिन्छ। दानिएल ७को भविष्यवाणीअनुसार अन्तमा आएर सबै ठिक हुनेछ भन्ने आशामा हामी विश्वाससाथ कसरी झुण्डिरहने?**

# उहाँका पाउमुनि

पढ्नुहोस्: **भजनसंग्रह ४७:१-४मा ख्रीष्टको राज्यमा हाम्रो स्थान कसरी सुरक्षित राखिएको छ भनेर कसरी बताउँछ?**

___

___

हाम्रो भावी भविष्य उज्यालो छ। त्यो समय नआउञ्जेल सारा मानव जगत् शैतानको प्रभुत्वमा रहिरहेको हुन्छ। जब स्वर्गको परिषद्मा जगत्का अरू जीवहरूका साथै शैतान पनि देखा परेको थियो, त्यसै बेला यो पृथ्वी उसको हो भनेर फुर्ती लगाएको थियो।

"तिमी कहाँबाट आयौ?" भनेर परमेश्वरले उसलाई सोध्दा उसले यो जवाफ दिएको थियो, "पृथ्वीमा घुमफिर गर्दै आएको छु। त्यहाँ हिँडडुल गर्दै आइरहेको छु" *(अय्यूब १:७ रूपान्तरित)*।

यस पृथ्वी उसकै हो भनेर त्यसमाथि *प्रभुत्व* उसले घोषणा गरेको थियो। पौराणिक समयमा खुट्टा वा हिँड्ने ठाउँले कसको भूमि हो भनेर सिकाउँथ्यो। परमेश्वरले अब्राहामलाई भन्नुभयो, "उठ्, देशको चारैतिर जाऊ, किनकि म त्यो तिमीलाई दिनेछु" *(उत्पत्ति १३:१७)*।

तुलना गर्नुहोस्: **१ थेसलोनिकी ४:१३-१७ र जकरिया १४:४लाई एक अर्कासँग तुलना गरेर पढ्नुहोस्। येशू ख्रीष्टका खुट्टाहरूका बारेमा ध्यान दिनुहोस्। ती दुई अंशहरूमा के भिन्नता तपाईंले पाउनुभएको छ? ती भिन्नताले हामीलाई के सिकाउँछ? यस संसारमा येशू ख्रीष्टको सार्वभौमिकताका आखिरी पक्षहरू हामी के पाउँछौं?**

___

___

एक हजार वर्षको अन्तमा येशूले के गर्नुहुन्छ भन्ने विषयमा एलेन जी. ह्वाइट यसरी व्यक्त गर्नुहुन्छ, "ख्रीष्ट जैतूनको डाँडामा ओर्लनुहुन्छ। उहाँको पुनरुत्थान पछि उहाँ त्यहीँबाट स्वर्गमा उक्लनुभएको थियो। त्यहीँ नै स्वर्गदूतहरूले उहाँको आगमनको बारेमा जानकारी दिएका थिए। अगमवक्ताले भन्दछन्, 'परमप्रभु मेरा परमेश्वर आउनुहुनेछ; अनि तपाईंको साथमा सबै पवित्र जनहरू पनि आउनेछन्ख।' 'अनि त्यस दिन उहाँका पाउहरू जैतुन डाँड़ामाथि उभिनेछन्, जुन डाँड़ा यरूशलेमको सामु पूर्वपट्टि अवस्थित छ; ... अनि एउटा अति ठूलो बेंसी बनिनेछ।' 'अनि परमप्रभु सम्पूर्ण पृथ्वीमाथि राजा हुनुहुनेछ; त्यस दिन एउटै परमप्रभु हुनुहुनेछ, र उहाँको एउटै नाम हुनेछ।' जकरिया १४:५, ४, ९। चकमक वैभवको साथ नयाँ यरूशलेम स्वर्गबाट तल आउनेछ। शुद्ध गरिएको ठाउँमा यो बसालिनेछ। त्यो पाउन तयार हुनेहरूलाई त्यसमा रहन पाउनेछन्। ख्रीष्ट, उहाँका जन र स्वर्गदूतहरू पवित्र सहरमा पस्नुहुनेछ।"—द *ग्रेट कन्त्रोभर्सी*, पृ. ६६२, ६६३।

**येशूमा भएको आशाको बारेमा चिन्तन गर्नुहोस्। यदि हाम्रो जीवनको लक्ष्य नै सदाको निम्ति मर्ने भए हाम्रो जीवन बेकारको हुन्छ, हुँदैन त?**

# दाखरस र रगत

पढ्नुहोस्: **भजनसंग्रह ७५ पढ्नुहोस्। र त्यसको साथै मत्ती २६:२६-२९ र प्रकाश १४:९-१२ पढ्नुहोस्। न्यायको बारेमा के विषयहरू छन् जुन खतरामा छ भनेर भजनसंग्रहले प्रकट गर्दछ? ती विषयहरूलाई बुझाउन अरू पदहरूले कसरी सहयोग गर्दछन्?**

सनहेरीबको सेना अचम्म तरिकाले नाश भएकोले यो भजन इस्राएलीहरूले गाएका थिए कसै कसैले भन्दछन् *(२ इतिहास ३२; २ राजा १९)*। यो कथाले प्रकाश २०मा उल्लेख गरिएको दुष्टहरूको अन्तिम विनाशलाई औँल्याएको पाउँछौं। परमेश्वरका जनहरू पवित्र सहरभित्र महाराजा धर्मी येशूसँग रहन्छन्। शैतान र उसका फौजले त्यस सहरलाई घेरा हाल्छन्। अनि तिनीहरूलाई परमेश्वर आफैले नाश गर्नुहनेछ।

न्यायमा ठिक पारिने कुराहरूमध्ये एउटाचाहिँ त्यो हो यस पतित संसारमा शक्ति तथा पदको दुरुपयोग भइरहेको छ। पतित मानिसहरू अरूहरूको निम्ति वा परमेश्वरको महिमाको निम्ति बाँचिरहेका छैनन् तर आफ्नो निम्ति मात्र। आजको संसारमा नैतिक स्तर र लक्ष्यको केही छैन भनेर मानिसहरूले विश्वास गरेको कारण त्यसको नतिजाले यस पृथ्वीमा नैतिकता नै धरापमा परेको छ। जर्मनको दार्शनिक फ्रेडरिक नितश्चेले भनेका थिए कि यदि यस संसारमा बाँच्नुको लक्ष्य केही छैन भने त्यो हामीले आविष्कार गर्नुपर्छ। यस जगत् हाम्रै फाइदाको निम्ति अस्तित्वमा रहेको छ भनेर हामीले बहाना बनाउनुपर्छ। प्रत्येक व्यक्ति आफै भगवान हुँ भनेर चल्दछ।

*(यो दर्शन नितश्चे आफैको निम्ति कसरी कार्यान्वयन हुन्छ त?* राम्रोसँग हुँदैन। उनी आफै इटालीको सडकमा मुर्च्छा परेका थिए। उनले एउटा मानिसले घोडालाई

पिटिरहेको देखेर उनले रोक्न खोजेका थिए। अनि आफ्नो अन्तिम जीवनको ११ वर्षसम्म अर्ध मानसिक पीडमा थिए। उनको मृत्यु सन् १९००मा भएको थियो)।

यस संसारमा जतिसुकै खराब समस्याहरूको बिगबिगी भए तापनि विश्वासीहरूलाई आशामा जिउनुपर्छ भनेर याद गरिरहनुपर्छ। अहिले यस संसारमा जे नराम्रो परिस्थितिहरूले अड्डा जमाए तापनि त्यसको आधारमा भविष्यको बारेमा न्याय गर्ने अधिकार हामीलाई दिएको छैन। परमेश्वरलाई विश्वास नगर्ने, अधर्मी र नास्तिकहरूका हृदय र दिमागले गर्दा आजका सभ्यताका खम्बाहरू बिस्तारै ढलिरहेका देख्नुपर्दा हामी निराशको भुमरीमा पर्न सजिलै छ। परमेश्वरको बारेमा कतिपय मानिसहरूका धारणा बाइबलसँग सम्मत नभएकोले तिनीहरूले यस संसारलाई ध्वस्त बनाइरहेका छन्। हामी त्यस संसारमा अहिले बाँचिरहेका छौं जहाँ नैतिक मूल्य मान्यताहरू भत्किरहेका छन्। विश्वका कतिपय राष्ट्रहरूमा स्त्री र पुरुषको पवित्र सम्बन्धलाई आक्रमन भइरहेको छ। केही अनैतिक आचारणहरू छन् जुन साधारणतयमा चर्चा गर्न पनि लज्जास्पद हुन्छ, जसको विषयमा आज सार्वजनिक रूपमै प्रशंसा र तारिफ गरिरहेका पाइन्छ। यो संसार कतिसम्म गिरिरहेको छ भन्ने कुरामा कसैको दुईमत हुँदैन।

**अरूको जीवन सहज र असल बनाउन हामीले हाम्रो भाग खेल्न कोसिस त गर्नुपर्छ, तर यस वर्तमान संसारको आमूल परिवर्तन गर्न यसलाई पूरै ध्वस्त बनाउनुपर्छ भनेर याद गरिरहनु किन महत्त्वपूर्ण छ? सबै थोक ठिक हुन परमेश्वरले नै पुनः सृष्टि गर्नुपर्ने हुन्छ भनेर हामीले किन याद गरिरहनुपर्छ?**

# तिम्रो मुक्ति सबैले थाहा पाऊन्

पढ्नुहोस्: **भजनसंग्रह ६७ पढ्नुहोस्। प्रकाश १४:६-१२मा उल्लेख गरिएका परमेश्वरका जनहरूको भूमिकालाई बुझाउन यस स्तुति प्रशंसाको भजनले हामीलाई कसरी बुझाउन खोज्छ?**

अमेरिकाको एमआइटी कलेजका इन्जिनियरहरूले नयाँ कालो रङ्ग वा कोटिङ्ग आविष्कार गरेका छन्। यसले रङ्गाउँदा त्यसको मुनि भएका थोकहरू झण्डै अदृश्य हुन्छन्। यो कार्बन नानोट्युब भन्ने पदार्थबाट बनेको हो। पहिला कुनै पनि कालो सामग्री सृजेको भन्दा यो धेरै मात्रामा कालो छ। यो नयाँ सामग्रीले देख्ने प्रकाशको ९९.९९५ प्रतिशत सोस्न सक्छ। यो कालो रङ्ग लागेको बस्तुमा सबभन्दा चम्किलो प्रकाशले पनि देख्न सक्दैन।

भजनसंग्रह ६७मा "उहाँका अनुहार हामीमा चम्कियोस् ताकि संसारमा तपाईंको मार्ग थाहा पाऊन्" भनेर परमेश्वरसँग पुकारा गरिन्छ *(भजनसंग्रह ६७:१,२ रूपान्तरित)*। मुक्तिको योजनामा पापीहरूलाई उहाँको गौरवमय उपस्थितिको समिपमा तुरुन्तै प्रवेश गर्ने उपाय परमेश्वरले उपलब्ध गराउनुभएको छ। उहाँको महिमाले हामीलाई अहिले नै यस जीवनमा नाश नगरी चम्किरहन्छ। येशू ख्रीष्टको क्रूसले परमेश्वरको अनुहार हामीमा चम्कन सम्भव बनाइएको छ।

तर त्योभन्दा बढी त अझ छ: हामीमा भएको उहाँको ज्योति बाँकी सबै संसारमा चम्कियोस् भन्ने उहाँले अपेक्षा गर्नुहुन्छ। पौराणिक इस्राएललाई यो कामको जिम्मा दिइएको थियो। त्यहाँ खडा गरिएको पवित्र मन्दिर नै सारा राष्ट्रहरूका निम्ति प्रार्थनाको भवन हुनुपर्थ्यो: "म मेरो पवित्र पर्वतमा ल्याएर मेरो प्रार्थनाको घरमा आनन्दित तुल्याउनेछु। तिनीहरूका होमबलि र बलिदानहरू मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्, किनकि मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ" *(यशैया ५६:७)*।

यस भजनमा दाऊदले हामीलाई यो याद दिलाउँछन् कि सारा संसारमा परमेश्वरका मार्ग र सारा राष्ट्रलाई दिने मुक्ति सबैले थाहा पाऊन् भन्ने परमेश्वरको इच्छा छ *(भजनसंग्रह ६७:२)*। यो दुःखलाग्दो कुरो छ कि पौराणिक इस्राएलदेखि अहिलेसम्म परमेश्वरका कतिपय जनहरू उहाँको लक्ष्यलाई कार्यान्वयन गर्न असफल भइरहेका छन्। पुरानो करारमा इस्राएलको इतिहासमा केही अन्धकार अध्यायहरू छन्। यही अन्धकारहरू विगत दुई हजार वर्षदेखि इसाई चर्चमा पनि विछ्याइरहेका छन्। मानौं हाम्रा हृदयमा त्यस्तो खालको कालो रङ्गले पोटिएको छ कि परमेश्वरको ज्योतिलाई सोस्छ तर प्रतिबिम्बित गर्न सक्दैन।

कतिपय समयमा परमेश्वरका अन्तिम दिनको अभियानलाई विमानस्थलको एउटा विशेष प्रतीक्षालय जस्तै सोच्छौं, जो धेरै यात्रा गरिरहने विशेष मानिसहरूले मात्र प्रयोग गर्न पाउँछन्। यसलाई हेरेर हामी सन्तुष्ट हुन्छौं जब बाँकी संसार हल्लाखल्ला गर्ने असुविधा भएको प्रतीक्षालयमा पर्खिरहेका छन्, तर अगाडिको यात्राको निम्ति तिनीहरू तयार छैनन्। प्रकाश १४का बाँकी सन्तान येशूको सियोनमा उभिएर तमाशा हेरेर बस्न सन्तुष्ट हुँदैनन्। तिनीहरू उहाँको उपस्थितमा आराम गरेर बस्न चाहँदैनन्। तिनीहरू पृथ्वीभरि तितरबितर भएर परमेश्वरको पवित्र पहाडमा भेला हुन संसारलाई उत्साह दिइरहेका हुन्छन्।

**हामीले प्रेम गर्ने सत्यलाई अरूकहाँ पुऱ्याउन र सिकाउन हामी चर्च वा व्यक्तिगत हैसियतले के गर्न सक्छौं?**

**थप जानकारी:** भजनसंग्रह १३३; प्रेरित १:४-९ र प्रकाश ५:४-७ पढ्नुहोस्।

“पौराणिक इस्राएली पूर्खाहरूका युगमा पवित्र आत्माको प्रभाव प्रायः जसो उल्लेखनीय रूपमा प्रकट गरिएको थियो तर कहिले पनि पूर्णरूपले प्रकट गरिएको थिएन। अब, मुक्तिदाताका वचनलाई मानेर चल्दा उहाँका चेलाहरूले त्यस उपहारको निम्ति बिन्तीभाउ गरेका थिए। स्वर्गमा ख्रीष्टले उहाँका भक्तहरूलाई पवित्र आत्माको उपहार उपलब्ध गराउन बिन्ती गरिरहनुभएको थियो। उहाँले पवित्र आत्माको उपहारलाई दाबी गर्दै त्यसलाई उहाँका जनहरूमा पोखाउन सकून् भनेर इच्छा गरिरहनुभएको थियो।”—एलेन जी. ह्वाइट, द *आक्टस् अभ द आपोस्टल्स*, पृ. ३७।

येशूका निम्ति गवाही हुन चेलाहरूलाई आदेश दिइएको थियो। तिनीहरू पृथ्वीका कुना काप्चामा गएर गवाही हुन उहाँले अर्ती होइन आदेश दिनुभएको थियो *(प्रेरित १:८)*। यही कामले येशूको आगमनको निम्ति तयार गरिनेछ *(मत्ती २४:१४)*।

येशूले हामीलाई सारा संसारमा सुसमाचार सुनाऊ भन्नुहुँदा यो कसरी गर्ने भनेर हामीले मात्र सोच्न छोड्नुभएको थिएन। हामीले यो काम गर्न स्वर्गको पवित्रस्थानको निर्देशनमा गर्दछौं। हाम्रो काम ख्रीष्टसँग नजिकै बुनिएको हुन्छ। उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ र हामीलाई शक्तिसम्पन्न गर्नुहुन्छ। यो काम *उहाँको* हो, हाम्रो होइन। उहाँको अगुवाइमा चल्न उहाँले हामीलाई आह्वान गर्नुभएको छ। पौराणिक इस्राएलमा यो तरिका अपनाएको थियो: उहाँका निर्देशनहरू पालन गर्न परमेश्वरले आदेश दिनुभएको थियो, त्यसपछि असम्भव थोक *उहाँले* गर्नुभएको थियो। हाम्रा छिमेकीहरूका बीचमा परमेश्वरको आत्माले काम गरिरहनुभएको छ। जब निर्णायक घडी आउँछ, हामी त्यहाँ हुन उहाँले आह्वान गर्नुभएको छ। सियोनको थुमाका साथ परमेश्वरका जनहरूसँग मिल्न तिनीहरूलाई हामी आह्वान गर्न पुग्नेछौं। नयाँ तरिका र माध्यमहरू हामीले आविष्कार गर्नुपर्दैन, किनकि यो कामको हाकिम हामीलाई कहिले पनि बनाएको छैन।

## छलफलको लागि प्रश्नहरूः

१. यस संसारभरि तीन स्वर्गदूतका सन्देशहरू पुगे तापनि अझै पनि धेरै मानिसहरू छन् जसकहाँ ती सन्देशहरू पुगेका छैनन्। चर्चको हैसियतले यो काम हामीले कसरी सम्पन्न गर्न सक्छौं सो चर्चा गर्नुहोस्। अन्तिम युगका सत्यताहरू सबैले सुनैकै छैन भनेर हामी किन निराश हुनुहुँदैन?

२. थुमा योग्य हुनुभएकोले उहाँलाई बन्द गरिएको चर्मपत्रको मुट्ठा खोल्न दिएको भनेर यूहन्नाले देखेका प्रकाश ५मा उल्लेख गरिएको छ। जब प्रकाशको पुस्तकमा लेखिएको अनुसार सिल गरेका मुट्ठाहरू खोलिए तब नयाँ करारको चर्चको बारेमा स्पष्ट रूपमा भविष्यवाणी गरेको हामी पढ्छौं। त्यहाँ गरिएको वर्णनअनुसार परमेश्वरले नै काम सम्पन्न गर्नुहुने बारेमा पाठहरू हामी के सिक्न सक्छौं?

३. प्रकाश १३ र १४मा उल्लेख गरिएको वर्णनतिर अगुवाइ गर्न वर्तमान घटनाहरूले कसरी साथ दिइरहेका छन्? त्यसका निम्ति बाधाहरू अझै के छन्?

## भाग ५: प्रेम र विवाह

*लेखक:* आन्ड्र्यु मेकचेस्नी

समय बित्दै जाँदा डायना र लोरेनको बिचमा मायापिर्ती बस्न थाल्यो। आखिरमा तिनीहरूले न्यु मेक्सिकोको सान्ता फेमा विवाह गर्ने योजना बनाए। तर डायना दुई जीउ भएकोले बच्चा पाएपछि विवाह गर्ने निर्णय गरिन्। बच्चा नै तिनीहरूको विवाह गर्ने कारण नहोस् भनी उनले इच्छा गरिन्।

बच्चा जन्मेपछि तिनीहरू युटाहको साल्ट लेक सिटीमा सरे। त्यहाँ डायनाका बाबु र आमा रहेका थिए। सान्ता फेको जीवन तिनीहरूलाई पुगेको थियो।

डायना र लोरेन इसाई जीवन बिताइरहेका थिएनन्। तैपनि लोरेनले चर्चमै विवाह गर्न चाहेको थियो। उसले एड्भेन्टिस्ट चर्चमा विवाह गर्ने निर्णय गऱ्यो। शिकागोमा रहेको आफ्ना पास्टर बुबालाई विवाह गरिदिन उसले अनुरोध गऱ्यो। यसले चर्चका पास्टर अगुवाहरूलाई अपठ्यारोमा पारेको थियो। डायना चर्चकी सदस्य थिइनन्, साथै जोडी पनि इसाई जीवन बिताइरहेका थिएनन्। तर धेरै प्रार्थना गरेपछि प्रेमले जित्नुपर्छ भन्ने महसुस भएर अगुवाहरूले विवाह गरिदिने सहमत भए। लोरेनको बुबाले फोनबाट विवाह हुनुभन्दा अघि दिनुपर्ने सरसल्लाह तिनीहरूलाई दिए।

विवाहको दिनमा आफूलाई नचिन्ने चर्चका सदस्यहरू भेला भएकोले डायनालाई अचम्म लाग्यो। *अपरिचित व्यक्तिको विवाहमा को आउँछ होला र?* भनेर उनले सोचेकी थिइन्। जब चर्चका सदस्यहरूले उनलाई उपहार दिए त्यसले पनि उनलाई झन् अचम्म बनायो।

ती उपहारहरूलाई घरमा खोलेर हेर्दा डायनाले हाप्पिनेस डाइजेस्ट भन्ने सानो किताब देखिन्। कलराडोमा कर गरेर पुस्तक दिने महिलाहरूबाट आएको पुस्तक उनले सोचिन्। उनले त्यो किताब पढ्न थालिन् र नसकुञ्जेलेसम्म पढ्न रोकिनन्। जब लोरेन कामबाट घर फर्क्यो उनी उत्तेजित भएर उसलाई बताइन्, "यो त सत्य

हो!" उसले भन्यो, "त्यो पुस्तक त एलेन जी. ह्वाइट नाउँ गरेकी अगमवक्ताले लेखेकी *स्टेपस टु क्राइस्ट* हो।" अगमवक्ताको अवधारणाले डायना अलमलिएकी थिइन्। तर एड्भेन्टिस्ट चर्चमा जाने चाहना उनमा उब्जिन थाल्यो। उनले एलेन जी. ह्वाइटका अरू पुस्तकहरू पढ्न चाहिन्।

जब डायना चर्चमा आइन् तब उनको बारेमा तिनीहरूले केही टिप्पणी गरेनन्। उनी जस्तो थिइन् त्यस्तै तिनीहरूले माया गरे। तिनीहरूले उनका केटाकेटीहरूलाई आफ्नो साथमा राखे ताकि उनले चर्चका कार्यक्रमहरूमा भाग लिन सकून्। जब अगुवा एल्डरले बाइबल अध्ययनको बारेमा सुनाएका थिए उनले पनि बाइबल अध्ययन गर्न चाहिन् र सो भनिन्। लोरेनले बिचमा बोल्यो "तिमीले के सुन्न चाहन्छौ म भन्नेछु।" उनीसँग बाइबल अध्ययन नगरेको उसलाई अलिकति लाज लागेको थियो। "म आफै व्यक्तिगत रूपमा बाइबल अध्ययन गर्न चाहन्छु," उनले भनिन्।

एल्डर लोरेल हेरोल्ड र उनकी श्रीमती क्यारोल उनीहरूको घरमा प्रत्येक हप्ता २८ हप्तासम्म आए। जब डायनाले अध्ययन गर्न थालिन् तब उनको सांसारिक देखावटी परिवर्तन हुन थाल्यो। उनको जीवन पद्धतिको बारेमा कसैले पनि आलोचना गरेको थिएन। कसैले पनि प्रचार गरेको थिएन। जब चर्चका सदस्यहरूले उनलाई माया गरे र जब उनले येशू ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानको बारेमा र उनीमाथि खन्याइएको परमेश्वरको प्रेमको बारेमा सिकिन् तब उनमा सांसारिक कुराहरूप्रतिको मोह छोड्न थालेको थियो।

बाइबल अध्ययनको उनको चासोले लोरेनलाई अचम्म लागेको थियो। ऊ हुर्किरहेको बेलामा के सिक्न सकेको थिएन होला भन्ने चासो लागेर अब उसले पनि आफै बाइबल अध्ययन गर्न थाल्यो। दुवै जना बप्तिस्मा लिने निधो गरे।